## धरान उपमहानगरपालिका

# धरान उपमहानगरपालिका राजपत्र

**खण्डः १** **संख्याः २** **मितिः२०७५/१२/१२**

## भाग-२

## धरान उपमहानगरपालिका

कार्यपालिकाबाट पारित मितिः २०७५/०५/३०

# आदिबासी जनजाती विकास समिति संचालन सम्बन्धी निर्देशिका २०७५

**प्रस्तावनाः**

धरान उपमहानगरपालिका क्षेत्रमा थुप्रै जातजातीका मानिसहरु बसोबास गर्ने गर्दछन । बसोबासको हिसावले यहा आदिबासी जनजातिहरुको बाहुल्यता रहेको छ । पछिल्लो समयमा राज्यवाट सबै पिछाडी परेका जातजाती तथा वर्गको विकासलागि पनि कार्यक्रमहरु राख्नुपर्ने साथै वजेट विनियोजन हुनु पर्ने प्रावधान राखे सगै धरान उपमहानगरपालिकाले पनि आफनो नगर क्षेत्रमा बसोबास गर्ने सबै जातजाति तथा वर्गको विकासकालागि वजेट विनियोजन गर्दै आएको र सोहि अनुरुप आदिबासी जनजाती विकासकालागि समेत वजेट विनियोजन साथै खर्च गर्दै आएको छ । यसरी आदिबासी जनजाती विकासकालागि विनियोजन गरिएको रकमको सहि सदुपयोग गर्न साथै लक्षित वर्गका कार्यक्रमहरु साच्चै लक्षित वर्ग सम्म पुरयाई त्यस्ता वर्गको जीवन स्तर सुधारकालागि सहयोग पुरयाउन र धरान उपमहानगरपालिकालाई जनजाति विकास सम्वन्धी नीतिहरु तयगर्न आबस्यक सहयोग पुर्याउन मिति २०७५।०५।३० गतेको नगर कार्यपालिकावाट एक आदिबासी जनजाती विकास समिति गठन गरेकाले उक्त समितिका काम कार्वाहिलाई व्यबस्थित वनाउन धरान उपमहानगरपालिकाको प्रशासकीय कार्यविधी(नियमित गर्ने) ऐन २०७५ को दफा ४ अनुसार यो निर्देशिका वनाई धरान उपमहानगरपालिकाको मिति २०७५। .को कार्यपालिकाको बैठकवाट स्वीकृतगरी लागु गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

क) यस निर्देशिकाको नाम **धरान उममहानगरपालिका, आदिबासी जनजाती विकास समिति संचालन निर्देशिका** २०७५ रहनेछ ।

ख) यो निर्देशिका धरान उपमहानगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क. समिति भन्नाले **धरान उपमहानगरपालिकावाट गठन भएको आदिबासी जनजाती विकास** समिति सम्भन्नु पर्नेछ ।

ख. नगरपालिका भन्नाले धरान उपमहानगरपालिका सम्भन्नु पर्नेछ ।

ग. कार्यपालिका सदस्य भन्नाले धरान उप महानगरपालिकाको कार्यपालिकाका सदस्यलाई सम्भन्नु पर्नेछ ।

घ. प्रदेश भन्नाले १ नं. प्रदेश सम्भन्नु पर्ने छ ।

ङ.नगर प्रमुख भन्नाले धरान उपमहानगरपालिकाको नगर प्रमुख लाई बुझाउने छ । यो शब्दले नगर प्रमुख नरहेको अबस्थामा नगर प्रमुखको जिम्मेवारी पाएको व्यक्तिलाई समेत बुझाउने छ ।

छ. सम्वन्धित महाशाखा भन्नाले धरान उपमहानगरपालिकाको सामाजिक विकास महाशाखा सम्भन्नु पर्ने छ ।

## ३. समिति गठन र उद्देश्य :

(क) आदिबासी जनजाती विकास समितीको गठन :

धरान उपमहानगरपालिका, नगर कार्यपालिकाका कुनै सदस्यको संयोजकत्वमा आदिबासी जनजाती समुदायको भाषा, लिपी, संस्कार संस्कृती र अन्य विषयमा ) विशेष योगदान पुरयाएका व्यक्तिहरु मध्येवाट मनोनयनगरी नगर कार्यपालिकाले आदिबासी जनजाती विकास समिति गठन गर्न सक्ने छ । यसरी गठन गर्दा धरानमा रहेका सबै आदिबासी जनजातीहरुको प्रतिनित्व हुने कुरामा ध्यान दिनु पर्ने छ ।

(ख) आदिबासी जनजाती विकास समिति गठन गर्नुको उद्देश्य तपशिल अनुसार रहेको छ ।

१. धरान उप महानगरपालिकावाट आदिबासी जनजाती विकासकालागि विनियोजन भएको रकमको सहि सदुपयोग गर्दै लक्षित वर्गको बजेट साच्चिकै लक्षित वर्ग सम्म पुग्न सकोस ।

२. आदिबासी जनजाती विकसकालागि सहि नीति तथा योजनाहरु वनुन ।

३. सेवा सुविधामा सहज पहुच नभएका आदिबासी जनजातीहरुको पनि राज्यवाट उपलब्ध सेवा तथा सुविधामा सहज हिसावले पहुच पुगोस साथै परिवर्तनको अनुभूति गर्न पाउन ।

४. राज्य संचालन प्रकृयामा सबै वर्ग र क्षेत्रको सहभागिता पुगोस ।

५. नगरको विकासमा आदिबासी जनजातिहरुको भूमिकालाई संस्थागत गर्ने ।

६. संघ र प्रदेशवाट धरान उपमहानगरपालिका क्षेत्रमा आदिबासी जनजाती विकासकालागि विनियोजन भएका कार्यक्रम तथा वजेटलाई उद्देश्यमूलक कार्यान्वयन तथा अनुगमन गर्ने ।

## ४. समितिका काम कर्तव्यहरु

क) नगरपालिकाले आदिबासी जनजाती विकासकालागि विनियोजन गरेको वजेटवाट जनजाती विकासका के कस्ता कार्यक्रमहरु आयोजना गर्ने भनी सरोकारवालहरु संग छलफल र समन्वय गरी कार्यक्रमहरु तय गर्ने , स्वीकृत गर्ने र कार्यक्रम संचालनको व्यबस्था गर्ने ।

ख) आदिबासी जनजाति विकासका कार्यक्रमहरु कुनै जातिय संघ संस्था मार्फत गर्नु पर्ने भएमा त्यस्तो संस्था छनौट गर्ने र सम्झौता गरी कार्यक्रम संचालन अनुमति दिने साथै त्यस्ता कार्यक्रमहरुको अनुगमन गर्ने ।

ग) आदिबासी जनजाती विकासका कार्यक्रमहरुकालागि प्रदेश सरकार र संघीय सरकारसंग समेत समन्वय गरी कार्यक्रमहरु माग गर्ने साथै स्वीकृत भएमा त्यस्ता कार्यक्रमहरु संचालन गर्ने ।

घ) आदिबासी जनजाती विकासकालागि के कस्ता नीतिहरुको आबस्यकता पर्दछ सो तयार गरी नगरपालिका समक्ष पेश गर्ने ।

ङ) धरान १४ विजयपुरमा निर्माणाधिन अबस्थामा रहेको बहुजातीय संग्राहलयको निर्माण सम्पन्न गर्न आबस्यक वजेटकालागि सम्वन्धित संघ र प्रदेशमा स्थानीय सरकार मार्फत पहल गरी चाडै निर्माण सम्पन्न गरी संचालन गर्ने व्यबस्था गर्ने ।

च) विभिन्न आदिबासी जातजातीहरुको भाषा, धर्म, लिपी तथा कला र संस्कृतिहरुको जगेर्ना गर्न आबस्यक नीति वनाउने साथै कार्यक्रमहरु तयार गरी सहयोग गर्ने ।

छ.) धरान उप महानगरपालिकाका विभिन्न वडावाट आदिबासी जनजाती विकासकालागि विनियोजन भएको रकमवाट सहि कार्यक्रमहरु संचालन गर्न वडाहरु संग समन्वय र सहकार्य गर्ने ।

ज) धरान १४ स्थित पन्चकन्या वनक्षेत्रमा रहेको ऐतिहासिक विजयपुर दरवार क्षेत्रको संरक्षण तथा सम्वर्न्धन गर्न आबस्यक समन्वय गर्ने साथै आबस्यक कामहरु गर्ने ।

झ) धरान क्षेत्रमा आदिबासी जनजाती विकासकालागि आबस्यक कार्यक्रम तथा वजेटकालागि संघीय सरकार तथा प्रदेश सरकार संग समन्वय र सहकार्य गर्ने ।

## ५. कार्यकम छनौट गर्ने विधि :

समितिले आदिवासी जनजाती लक्षित कार्यक्रमहरु छनौट तपशिल अनुसार गर्ने छ ।

क. आदिवासी जनजाती विकासका कार्यक्रमहरु छनौट गर्दा धरानमा रहेका सबै जनजातीहरुलाई समेटीने गरी कार्यक्रमहरु छनौट गरिने छ ।

ख. त्यसरी कार्यक्रम छनौट गर्दा सम्वन्धित जातिको जातिगत संस्थासंग समेत आबस्यक समन्वय गरिने छ ।

ग. कार्यक्रमहरु सकेसम्म पिछाडी परेका व्यक्तिहरुको जिवन स्तर उकास्ने प्रकारका अर्थात त्यस्ता वर्गको आय आर्जन हुने वा आर्थिक विकासमा टेवा पुरयाउने खालका छनौट गरिने ।

घ. आर्थिक अबस्था कमजोर भएका जनजातिहरुको अबस्था उकास्न अर्थात दिगो विकास लक्ष अनुरुप गरिविको रेखामुनी रहेकाहरुको लागि प्राथमिकता दिईने छ । समितिले आबस्यकता ठानेमा विउ पूजी समेत उपलब्ध गराउन सक्ने छ ।

**६. संस्था मार्फत कार्यक्रम संचालन गर्न सकिने :**

आदिबासी जनजाती विकासकालागि विनियोजन भएको रकमवाट कुनै पनि आदिबासी जनजाती क्षेत्रमा कृयाशील जातीगत संस्था मार्फत पनि कार्यक्रमहरु संचालन गर्न सकिने छ । त्यसकालागि तपशिल अनुसारको प्रकृया पूरा गर्नुपर्नेछ ।

क. छनौट भएको कार्यक्रम संचालन गर्न ईच्छुक संघ संस्था वाट प्रस्ताव माग गर्ने र निर्धारित समयमा पेश भएका प्रस्तावहरु मध्ये उत्कृष्ठ प्रस्ताब पेश गर्ने संस्थाको प्रस्ताव स्वीकृत गर्ने ।

ख. प्रस्ताब स्वीकृत भएको संस्था संग कार्यक्रम संचालन सम्वन्धमा सम्झौता गर्ने ।

ग. त्यस्ता संस्था मार्फत संचालन भएका कार्यक्रमहरुको अनुगमन जनजाती विकास समितिले गर्ने छ ।

ग. सम्झौता अनुसारको काम सम्पन्न भैसकेपछि प्रतिवेदन सहित विल भौचर माग गरी भुक्तानीकालागि सिफारिस गरिने छ ।

**७. यसै निर्देशिका अर्न्तगत भएको मानिने :**

धरान उपमहानगरपालिका वाट यस अघि गठन भएको आदिबासी जनजाती विकास समिति यसै निर्देशिका अनुसार गठन भएको मानिने छ । साथै सो समितिवाट यस अघि भएका काम कार्वाहिहरु समेत यसै निर्देशिका अनुसार भएको मानिने छ ।

**८. नगरपालिका प्रति उत्तरदायी हुने :**

यस आदिबासी जनजाती बिकास समितिले गरेका सम्पूर्ण काम कार्वाहीहरु नगरपालिका प्रति उत्तरदायी रहेको मानिने छ ।

..................................

प्रमाणीकरण गर्ने

(विनोदकुमार पोखरेल)

नि. प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७५/१२/१२